# विद्यालयमा १००% विद्यार्थी भर्ना घोषणा कार्यक्रमको प्रतिवेदन

## भूमिका

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको संयुक्त प्रयासमा शिक्षा सबैको पहुँचमा पुर्याउने लक्ष्यले विभिन्न कार्यक्रमहरु संचालनमा ल्याएका छन्। यस अन्तर्गत सेभ द चिल्ड्रेन तथा रतौली युवा क्लबको साझेदारीमा संचालित “समुन्नति” कार्यक्रम अन्तर्गत यस पिपरा गाउँपालिकामा विगत ३ वर्ष देखि विद्यालयमा १००% विद्यार्थी भर्ना अभियान सन्चालन भएको छ। यस वर्ष हाम्रो ७ वटै वडाहरुमा पूर्ण विद्यालय भर्ना अभियान सघन रुपमा संचालन आए संगसंगै संबन्धित वडाहरु पनि घोषणा गराउन सफल भयौं। परिणाम स्वरुप आज हामी पालिका स्तरको पूर्ण विद्यालय विद्यार्थी भर्ना घोषणा गराउने क्षण मा पुग्न सफल भयौं। यस सँगै, शिक्षामा सबैको पहुँच र गुणस्तर सुधार गर्ने अभियानमा महत्वपूर्ण उपलब्धि हासिल भएको छ। यो कार्यक्रमले पिपरा गाउँपालिकाको शिक्षाको स्तरलाई नयाँ उचाइमा पुर्याउने अपेक्षा गरिएको छ।

## कार्यक्रमको उद्देश्य

यो घोषणात्मक कार्यक्रमको मुख्य उद्देश्य गाउँपालिका भित्र रहेका सम्पूर्ण विद्यालय उमेर समूहः ५ वर्ष देखि १२ वर्ष सम्म का बालबालिकालाई विद्यालयमा भर्ना गराई उनीहरूलाई आधारभूत शिक्षामा सहभागी गराउने हो। सबै बालबालिकाले गुणस्तरीय शिक्षा पाउनु र शैक्षिक क्षेत्रमा समतामूलक पहुँच हुनु कार्यक्रमको मूल ध्येय हो।

## प्रक्रिया तथा प्रयासहरु

### १. पालिका संगको समन्वयामक बैठक र विद्यालय भर्ना अभियान संचालनः

गाउँपालिका अन्तर्गत रहेका हरेक विद्यालका प्र.अ. र साझेदार संस्था (**RYC**) संग शुरुवाती बैठक संचालन गरियो। सो बैठक मार्फत यो वर्ष कुनै पनि विद्यालय जाने उमेर समुहका बालबालिका विद्यालय बाहिर नरहुन भन्ने उद्देश्यले सफलतापूर्वक विद्यार्थी भर्ना अभियान संचालन गरिने निर्यण गरियो। सो निर्णय अनुरुप **RYC** को सहजिकरणमा प्रत्येक विद्यालको कर्याक्षेत्रमा विद्यालय भर्ना अभियान संचालनमा ल्याईयो।

### २. विद्यालय वाहिर रहेका बालबालिकाहरुको तथ्यांक संकलन र पुनः भर्नाः

विद्यलय भर्ना अभियान सके पश्चात पनि विद्यालय भर्ना हुन छुटेका विद्यार्थीहरुको संबन्धित विद्यालयहरुको शिक्षकहरु मार्फत नामावली संकलन गरियो र उनीहरुका अभिभावकहरु संग संपर्क गरी वडा स्तरमा गठित समितिहरुले ती बालबालिकाहरुलाई विद्यालयमा भर्ना गराउन पहल तथा सहजिकरण गराईयो। पुनः भर्ना अभियानमा भर्ना भएका विद्यार्थीहरुको विवरण तपसिल बमोजिमका छन्-

| क्र.स. | विद्यालयको नाम | वार्ड न. | जम्मा भर्ना | कैफियत |
|---|---|---|---|---|
| १ | श्री ने.रा.आ.वि. एकरहिया | १ | २० | ४ अपाङ्गता भएको बालबालिकाको भर्ना बांकी |
| २ | श्री जनाता आ.वि.ढेकहा | १ | २४ | |
| ३ | श्री मा.वि. खैरबा | १ | ८ | |
| | | | **जम्मा** | **५२** | |

| | | | | |
|---|---|---|---|---|
| ४ | श्री राष्ट्रिय मा.वि.अतरार | २ | ४ | २ अपाङ्गता भएको बालबालिकाको भर्ना बांकी |
| ५ | श्री राष्ट्रिय आ.वि. अलीपट्टी पुर्व | २ | ५ | |
| ६ | श्री राष्ट्रिय आ.वि. अलीपट्टी पश्चिम | २ | २ | |
| ७ | श्री अलीपट्टी पुर्व मदर्शा | २ | १३ | |
| ८ | संस्थागत विद्यालय | २ | १ | |
| | | **जम्मा** | **२५** | |
| ९ | श्री राष्ट्रिय आ.वि.पिपरा | ३ | ९ | ४ अपाङ्गता भएको बालबालिकाको भर्ना बांकी |
| १० | श्री रा.ना.अ.मा.वि.पिपरा | ३ | ८ | |
| ११ | संस्थागत विद्यालय | ३ | ४ | |
| | | **जम्मा** | **२१** | |
| १२ | श्री रा.ना.अ.मा.वि. पिपरा | ४ | १५ | १ अपाङ्गता भएको बालबालिकाको भर्ना बांकी |
| १३ | श्री दलित रा.आ.वि.पिपरा | ४ | ११ | |
| १४ | संस्थागत विद्यालय | ४ | १ | |
| | | **जम्मा** | **२७** | |
| १५ | श्री मा.वि.सहोडवा | ५ | २३ | १ अपाङ्गता भएको बालबालिकाको भर्ना बांकी |
| १६ | श्री ने.रा.भ.स.हर्दिया | ५ | १ | |
| | | **जम्मा** | **२४** | |
| १७ | श्री रामजस आ.वि.रतनपुर | ६ | २५ | ५ अपाङ्गता भएको बालबालिकाको भर्ना बांकी |
| १८ | श्री आदर्श मा.वि.रतौली | ६ | ५९ | |
| १९ | श्री रहमानपुर मदर्शा | ६ | १६ | |
| | | **जम्मा** | **१००** | |
| २० | श्री मा.वि.बनौली | ७ | १२ | |
| २१ | श्री रा.आ.वि. दनौली | ७ | ३ | |
| | | **जम्मा** | **१५** | |
| | | **कुल जम्मा** | **२६४** | **१७ अपाङ्गता भएको बालबालिकाको भर्ना बांकी** |

## ३. वडा स्तरको "विद्यार्थी १००% विद्यालय भर्ना घोषणा" कार्यक्रमः

वडामा रहेका सम्पूर्ण विद्यालय जाने ५ वर्ष देखि १२ वर्ष उमेर समुहका बालबालिकाहरु संबन्धित विद्यालयहरुमा भर्ना भईसके पश्चात पालिका स्तरको शिक्षा समितिको अनुगमन पश्चात वडाहरुलाई क्रमशः पूर्ण विद्यार्थी विद्यालय भर्ना घोषणा गराउन सक्ने निर्णयहरु गरियो। यसको आधारमा तपसिल अनुसारका मितिहरुमा संबन्धित वडाहरुमा पूर्ण विद्यालय भर्ना घोषणा कार्यक्रमहरु संचालन गरियोः

| वडा नं. | घोषणा मितिः |
|---|---|
| १ | २०८१/४/९ |
| २ | २०८१/४/७ |
| ३ | २०८१/३/३१ |
| ४ | २०८१/४/९ |
| ५ | २०८१/४/८ |
| ६ | २०८१/४/३२ |

| ७ | २०८१/५/१४ |
|---|---|

## प्राप्त उपलब्धिहरू

### १. सम्पूर्ण बालबालिकाको नाम दर्ता र विद्यालय भर्ना:

गाउँपालिका अन्तर्गत रहेका हरेक वडा र समुदायमा बालबालिकाको पहिचान गरी उनीहरूको नाम दर्ता गरिएको छ। यस प्रक्रियाले गाउँपालिकामा १७ जना अपाङ्गता भएका बालबालिका बाहेक विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या शून्य भएको छ।

### २. शिक्षामा सहभागितामा वृद्धि:

हरेक समुदाय र विद्यालयमा बालबालिकाको उत्साहजनक सहभागिता देखिएको छ। बालबालिकाको उत्साह, अभिभावकको साथ र शिक्षकको समर्पणका कारण १००% विद्यार्थी भर्ना सम्भव भएको छ।

### ३. समुदायको सकृय सहभागिता:

गाउँपालिकाले अभियान सफल बनाउन अभिभावक, शिक्षक, समाजसेवी, र बाल क्लब समूहसँग सहकार्य गरेर समुदायको पूर्ण समर्थन प्राप्त गरेको छ। यसले शिक्षामा समावेशीकरणलाई बलियो बनाएको छ।

## चुनौतीहरू

### १. अभिभावकको मनोवृत्तिमा परिवर्तन:

केही अभिभावकहरू अझै पनि छोराछोरीलाई विद्यालय पठाउने कुरामा सचेत छैनन्। तिनीहरूको मनोवृत्तिमा परिवर्तन ल्याउन अभिभावकहरूलाई सचेतना जगाउने कार्यक्रम थप प्रभावकारी बनाउनुपर्ने देखिएको छ।

### २. स्रोत साधनको अभाव:

विद्यालयमा थप स्रोत साधन र भौतिक पूर्वाधार अभावका कारण शिक्षणको गुणस्तरमा सुधार गर्न चुनौतिहरू देखा परेका छन्। नेपाल सरकार, प्रदेश सरकार र अन्य सहयोगी निकायहरूबाट थप सहयोग आवश्यक छ।

### ३. अपाङ्गता भएका बालबालिकाका लागि थप व्यब्था:

हाल **RYC** ले अपाङ्गता भएका ३ जना बालबालिकाहरुका लागि “घरमै विद्यालयः क्अजयर्या बत ज्कभ” कार्यक्रम संचालनमा ल्याए अनुसार पालिकाले त्यस्ता १७ जना अझै बालबालिकाहरुका लागि थप व्यवस्था गर्न आवश्यक छ। तिनीहरुको नामवली यसप्रकार छन्:

| क्रसं. | विद्यालयको नाम | वडा नं. | बच्चाको नाम | जात | उमेर | म/पु | अपाङ्गताको किसिममा तलको नं. लेख्ने | अभिभावकको नाम |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Aadarsa Sec. School Ratauli | 6 | Bisal Mochi | Dalit | 7 | M | Mental disablity | Rajan Mochi |
| 2 | Ramjas B. School Ratanpur | 6 | Dilkas Kawari | Muslim | 10 | M | Multi Disability | Aawid Kabari |
| 3 | | | Gulam Anasari | Muslim | 5 | M | Physical | Gulam Ajameri |
| 4 | | | Umerubab Khatun | Muslim | 9 | F | Physical | Gulam Ajameri |
| 5 | | | Anil Yadav | Madhesi | 5 | M | Physical | Asok Yadav |
| 6 | | 1 | Anuj Yadav | Madhesi | 12 | M | Multi Disability | Ramprit Yadav |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| 7 | Nepal Rastriya Janta B. School Ekrahiya | | Rosani Khatun | Muslim | 12 | F | Mental/Physic | Atar Kawari |
| 8 | | | Prem Kumar Das | Dalit | 11 | M | Mentai/Physic | Jaynarayan Das |
| 9 | Shree Basic School Dhekaha Pipra-1 | 1 | Sanjiw Mahto | Madhesi | 11 | M | Hearing Disability | Ramsogarth Mahto |
| 10 | Dalit Rastriya B. School Pipra | 4 | Praus Jha | Bramin | 8 | M | Autizem | Rajiw Jha |
| 11 | Rastriya Sec. School Atradh | 2 | Aayush Mandal | Janjati | 8 | M | Multi Disability | Ramesh Mandal |
| 12 | | | Ranjana Yadav | Madhesi | 11 | F | Mental | Rohendra Yadav |
| 13 | Shree Ne. Ra. Bhawani Public B. School Hardiya | 5 | Alka Kumari Paswan | Dalit | 10 | F | Physical | Sanjiw Paswan |
| 14 | Shree Ramnarayan Ayodhya Sec. School | 3 | Ramesh Sah | Madhesi | 12 | M | Mental | Baldeb Sah |
| 15 | | | Prinsh Kumar Sah | Madhesi | 12 | M | Hearing Disability | Lalit Sah |
| 16 | | | Bauki Kumari | Madhesi | 12 | F | Multi Disability | Naresh Yadav |
| 17 | | | Aaditya Raaj Yadav | Madhesi | 11 | M | Multi Disability | Ganesh Kumar Yadav |

## आगामी कार्ययोजना

### १. गुणस्तर सुधारका लागि योजनाः

१००% भर्ना भएको भए पनि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न, शिक्षक प्रशिक्षण, शिक्षण सामग्रीको सुधार, र डिजिटल शिक्षाको प्रवर्धनमा गाउँपालिकाले ध्यान दिनुपर्नेछ।

### २. विद्यालयको भौतिक पूर्वाधार सुधारः

भर्ना भएका बालबालिकाका लागि उचित कक्षाकोठा, खेलकुद क्षेत्र, र स्वास्थ्यकर वातावरण निर्माणका लागि विद्यालयहरूको पूर्वाधारमा सुधारको आवश्यकता छ। यसका लागि स्थानीय स्रोतको परिचालन र सरकारी सहयोग अपरिहार्य हुनेछ।

### ३. निरन्तर अनुगमन र मूल्याङ्कनः

विद्यालयमा बालबालिकाको उपस्थितिलाई सुनिश्चित गर्न निरन्तर अनुगमन, विद्यालयको नियमित मूल्याङ्कन, र आवश्यक सुधारका लागि तत्काल कदम चाल्न गाउँपालिकाले विशेष योजना बनाउने छ।

## निष्कर्ष

१००% विद्यार्थी भर्ना घोषणाले गाउँपालिकालाई शिक्षामा ऐतिहासिक उपलब्धि दिलाएको छ। अबको चुनौती भनेको यसलाई निरन्तरता दिनु, शिक्षामा गुणस्तर वृद्धि गर्नु, र सबै बालबालिकालाई विद्यालयमा टिकाइराख्न सुनिश्चित गर्नु हो। शिक्षामा भएको यस उपलब्धिले हाम्रो समाजलाई सबल, सक्षम, र समृद्ध बनाउने विश्वास गरिएको छ।

**धन्यवाद !!!**